## आयोजना कार्यान्वयन समिति

**अध्यक्षः** सहसचिव, योजना, अनुगमन तथा समन्वय महाशाखा (आयोजना निर्देशक) वन तथा वातावरण मन्त्रालय

**सदस्य सचिवः** ILaM, आयोजना संयोजक

**सदस्यहरु :**

१. उपसचिव, विकास सहयोग समन्वय शाखा, वन तथा वातावरण मन्त्रालय
२. उपसचिव, कार्यक्रम तथा योजना शाखा, वन तथा वातावरण मन्त्रालय
३. उपसचिव, जलवायु परिवर्तन तथा व्यवस्थापन महाशाखा, वन तथा वातावरण मन्त्रालय
४. उपसचिव, वन तथा जलाधार महाशाखा, वन तथा वातावरण मन्त्रालय
५. उपसचिव, सहभागितात्मक वन महाशाखा, वन तथा वातावरण मन्त्रालय
६. उपसचिव, वातावरण तथा जैविक विविधता महाशाखा, वन तथा वातावरण मन्त्रालय
७. उपसचिव, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
८. उपसचिव, वन तथा भू-संरक्षण विभाग
९. उपसचिव, रेड कार्यान्वयन केन्द्र
१०. उपसचिव, संघीय मामला तथा सामान्य प्रशासन मन्त्रालय
११. GESI फोकल पोइन्ट, वन तथा वातावरण मन्त्रालय
१२. उपसचिव, आर्थिक प्रशासन शाखा, वन तथा वातावरण मन्त्रालय ।

**आमन्त्रितहरुः**

- आयोजना प्रबन्धक, फिल्ड प्रबन्धक,
- प्रतिनिधि, डब्लु डब्लु एफ, नेपाल ।

**कार्यहरुः**

- AWP को प्रगति तथा वित्तीय प्रतिवेदन (वार्षिक र अर्धवार्षिक) को पुनरावलोकन र सिफारिस गर्ने,
- आयोजना संचालन नीतिको सिफारिस गर्ने,
- सह-वित्तीयकरण र वार्षिक लेखापरीक्षण प्रतिवेदन अनुपालनलाई सहजीकरणका लागि सहयोग गर्ने,
- सल्लाहकार समितिसंग आयोजना कार्यलाई संयोजन गर्ने,
- नतिजाको अनुगमन गर्ने,
- सरकारका तीन तह (संघीय, प्रदेश र स्थानीय) सँग समन्वय सहजीकरण गर्ने,

## फिल्ड समन्वय समिति

**संयोजक :** सचिव, वन तथ वातावरण मन्त्रालय, लुम्बिनी प्रदेश

**सदस्यहरु :**

१. प्रदेश वन निर्देशक
२. TAL प्रबन्धक
३. चिफ वार्डेन, बाँके राष्ट्रिय निकुञ्ज
४. डिभिजनल वन अधिकृत, डिभिजन वन कार्यालय, बाँके
५. फिल्ड प्रबन्धक, ILaM आयोजना

**आमन्त्रितहरुः**

- आवश्यकता अनुसार

**कार्यहरुः**

- योजना तथा कार्यान्वयनमा दोहोरोपन हटाउने ।
- स्थानीय तहमा कार्यान्वयन, समन्वय तथा सहजीकरण गर्ने ।
- आयोजना कार्यान्वयन समितिलाई प्रत्यक्ष रिपोर्ट गर्ने ।

## अपेक्षित नतिजाहरु

- ४,०५० हेक्टर क्षेत्र (कृषि क्षेत्र १५० हेक्टर, वन क्षेत्र २,९०० हेक्टर, प्राकृतिक घाँसेमैदान र झाडी क्षेत्र १,००० हेक्टर) पुनर्स्थापना गरिनेछ,
- कम्दी जैविक मार्ग र कर्णाली जैविक मार्गमा रहेका १३० सामुदायिक वन उपभोक्ता समूहहरुको वन कार्ययोजना दिगो वन व्यवस्थापन र जैविक विविधता संरक्षणका लागि पुनरावलोकन भएको हुनेछन् ,
- १,२७०,९१९ टन (मेट्रिक टन कार्बन डाइअक्साइड बराबर) हरित गृह ग्याँस उत्सर्जन न्यूनीकरण गरिनेछ,
- २९,७४० (५०% महिला) लक्षित सामुदायिक वन र मध्यवर्ति क्षेत्रका उपभोक्ताहरु क्षमता विकास कार्यक्रमबाट प्रत्यक्ष लाभान्वित हुनेछन्,
- १,६१६ (३०% महिला) (संघीय/प्रादेशिक/स्थानीय) तहका कर्मचारीहरू परियोजनाको क्षमता विकास कार्यक्रमबाट प्रत्यक्ष लाभान्वित हुनेछन् ।




## सम्पर्क ठेगाना

**एकीकृत भू-परिधि व्यवस्थापन आयोजना**


**आयोजना व्यवस्थापन इकाई**
वन परिसर बबरमहल, काठमाडौं, नेपाल
सम्पर्क नं. : +९७७-०१-५९०५१४४
ईमेल : info.ilam@mofe.gov.np

**फिल्ड कार्यालय**
कोहलपुर, बाँके, लुम्बिनी प्रदेश, नेपाल
सम्पर्क नं. : +९७७-०८१-५३४२३९


नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय

# एकीकृत भू-परिधि व्यवस्थापन आयोजना



© DoFSC/WWF Nepal

## क. आयोजनाको परिचय

एकीकृत भू-परिधि व्यवस्थापन आयोजना, जी.इ.एफ र डब्लु.डब्लु.एफ. को सहयोगमा नेपालको तराई भू-परिधि क्षेत्रमा रहेका संरक्षित क्षेत्र तथा संवेदनशील जैविक मार्गको संरक्षणमा सञ्चालन भैरहेको आयोजना हो । आयोजनाको सफल कार्यान्वयनबाट तराई भू-परिधि क्षेत्रमा अवस्थित जैविक मार्ग र संरक्षित क्षेत्रमा विद्यमान जैविक विविधता संरक्षणको चुनौतिलाई न्यूनीकरण गर्दै वातावरणीय सेवाको अभिवृद्धि, दुर्लभ तथा लोपोन्मुख वन्यजन्तुको संरक्षण र वन स्रोतमा आश्रित स्थानीय समुदायको क्षमता अभिवृद्धिमा टेवा पुर्‍याउने छ। समग्रमा यस आयोजनाका मुख्य उदेश्यहरु निम्न अनुसारका छन् ।

१) एकीकृत भू-परिधि व्यवस्थापनको लागि अन्तर निकाय स्तरमा समन्वय प्रवर्धन तथा क्षमता विकास गर्ने ।
२) तराई भू-परिधि क्षेत्रमा रहेका मध्यवर्ती क्षेत्र तथा संवेदनशील जैविक मार्ग संरक्षणको लागि एकीकृत योजना निर्माण गर्ने ।
३) तराई भू-परिधि क्षेत्रमा रहेका मध्यवर्ती क्षेत्र तथा संवेदनशील जैविक मार्गमा वन तथा वन्यजन्तु संरक्षण गर्ने ।
४) अनुगमन, मूल्यांकन तथा ज्ञान र सिकाईहरुको व्यवस्थापन गर्ने ।

यस आयोजनाले मुख्यतया दिगो विकासको लक्ष्य १५-"पारिस्थितिकीय प्रणालीको संरक्षण, पुर्नस्थापना र दिगो उपयोगको प्रवर्द्धन गर्ने, वनको दिगो व्यवस्थापन गर्ने, मरुभूमीकरण र भूक्षय रोक्ने तथा जैविक विविधताको संरक्षण गर्ने" मा प्रत्यक्ष रुपमा योगदान गर्नेछ, साथै दिगो विकासका लक्ष्यहरु १, ५, ११, १२, १३, १६ लाई हासिल गर्नमा समेत सहयोग गर्नेछ।

## ख. आयोजनाको कार्यक्षेत्रहरु

### बाँके राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्र

विश्वमा नै दुर्लभ मानिएको पाटेबाघको बासस्थान संरक्षण तथा व्यवस्थापन गर्ने प्रमुख लक्ष्यका साथ स्थापित बाँके राष्ट्रिय निकुञ्जको क्षेत्रफल ५५० वर्ग किलोमिटर छ भने ३४३ वर्ग किलोमिटर मध्यवर्ती क्षेत्र रहेको छ। यहाँ ८ प्रकारका पारिस्थितिकीय प्रणाली, १२४ प्रकारका वनस्पति प्रजाति, ३२ प्रजातिका स्तनधारी, ३०० भन्दा बढी प्रकारका चराको प्रजाति, ५८ प्रजातिका माछाहरु, २२ प्रकारका सरीसृप तथा ६ प्रकारका उभयचरहरु, पाइन्छन् भने ११ प्रजातिका दुर्लभ तथा संकटापन्न स्तनधारीहरू र ५० प्रजातिका अन्तर्राष्ट्रिय स्तरमै दुर्लभ चराहरू पाइन्छन् ।

### बर्दिया राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्र

बर्दिया राष्ट्रिय निकुञ्ज नेपालको तराई क्षेत्रमा रहेका संरक्षित क्षेत्रहरु मध्ये क्षेत्रफलका आधारमा सबैभन्दा ठूलो निकुञ्ज हो । यस निकुञ्जको जम्मा क्षेत्रफल १४७५ वर्ग कि.मी मध्ये ५०७ वर्ग कि.मी. मध्यवर्ती क्षेत्र पर्दछ। यस निकुञ्जको कर्णाली नदी तटिय क्षेत्र र बबई उपत्यका जैविक विविधता र वन्यजन्तुका लागि महत्वपूर्ण क्षेत्र रहेको छ। बर्दिया राष्ट्रिय निकुञ्ज पर्यापर्यटनको लागि एउटा उत्कृष्ट गन्तव्य रहेको छ। यस निकुञ्जमा पाटे बाघ, एकसिंगे गैंडा, हात्ती, डल्फिन, चौका, मृग प्रजातिका वन्यजन्तु र संरक्षित घस्रने जीवहरु पाइन्छन् । यो निकुञ्ज खाता जैविक मार्ग तथा संरक्षित वन हुँदै भारतको कतरनियाघाट वन्यजन्तु आरक्षसँग जोडिएको छ।

**कम्दि जैविक मार्ग** : कम्दि जैविक मार्ग उत्तरमा बाँके राष्ट्रिय निकुञ्ज र यसको मध्यवर्ती क्षेत्रसँग जोडिएर भारतको सोहेलवा वन्यजन्तु आरक्षसँग जोडिएको एउटा महत्वपूर्ण जैविक मार्ग हो । उत्तर र दक्षिणमा रहेका निकुञ्जहरुका वन्यजन्तुहरु यसै जैविक मार्ग हुँदै ओहोरदोहोर गर्ने गर्दछन् । यस जैविक मार्गको क्षेत्रफल ४५० वर्ग कि.मि. रहेको छ।

**कर्णाली जैविक मार्ग** : कर्णाली जैविक मार्गले नेपालको चुरे क्षेत्र तथा बर्दिया राष्ट्रिय निकुञ्जलाइ कर्णाली नदीको नदी तटीय क्षेत्र मार्फत भारतको कतरनियाघाट वन्यजन्तु आरक्षसंग जोड्दछ।

**ब्रम्हदेव जैविक मार्ग:** यो जैविक मार्ग उत्तरी क्षेत्रमा रहेको चुरेको वन क्षेत्र र दक्षिणमा रहेको शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्रलाई जोड्ने महत्वपूर्ण जैविक मार्ग हो। यो जैविक मार्ग उत्तरमा डडेल्धुरादेखि चुरे क्षेत्रको वनको प्रतिनिधित्व गर्दै दक्षिणमा शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज र यसको मध्यवर्ती क्षेत्रसँग जोडिएको छ। यस जैविक मार्गको क्षेत्रफल १४८ वर्ग किमि रहेको छ।

## ग. आयोजनाका सरोकारवालाहरु

- ✓ वन तथा वातावरण मन्त्रालय,
- ✓ वन तथा भू-संरक्षण विभाग, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग,
- ✓ वन तथा वातावरण हेर्ने प्रदेश मन्त्रालयहरु,
- ✓ स्थानीय तहहरु (गाँउपालिका, नगरपालिका, उपमहानगरपालिका),
- ✓ डिभिजन वन कार्यालयहरु र राष्ट्रिय निकुञ्ज कार्यालयहरु,
- ✓ मध्यवर्ती क्षेत्र उपभोक्ता समिति तथा समूहहरु, सामुदायिक वन उपभोक्ता समूहहरु,
- ✓ सामुदायिक वन उपभोक्ता महासंघ, नेपाल,
- ✓ आदिवासी जनजाति महासंघ, नेपाल
- ✓ समुदायमा आधारित संस्थाहरु ।

## घ. वातावरणीय तथा सामाजिक सुरक्षा सम्बन्धी प्रावधानहरु

आयोजनाले सम्बन्धित सरोकारवालाहरुसँग कार्य गर्दा निम्न वातावरणीय तथा सामाजिक सुरक्षा सम्बन्धी प्रावधानहरु पालना गरेको छ।

**आदिबासी जनजाति (IP):** यस आयोजनाले आयोजनाका कार्यक्षेत्रमा रहेका संरक्षित क्षेत्रहरुको वरपर तथा मध्यवर्ती क्षेत्र र जैविक मार्गहरुमा बस्ने आदिवासी जनजातिहरु तथा स्थानीय बासिन्दाको प्राकृतिक श्रोतमाथिको पहूँचलाई महत्व दिएको छ। आयोजनाको स्वीकृत आदिवासी समूदाय योजना ढाँचा (Indigenous People Planning Framework -IPPF) र प्रक्रियागत ढाँचा (Process Framework -PF) द्वारा आयोजनाका कार्यहरु निर्देशित छन्। जसबाट आदिवासी जनजाति तथा स्थानीय बासिन्दाको प्राकृतिक श्रोत माथिको पहूँच सुरक्षित गर्दै संरक्षणमा सहभागीता बढाइनेछ।

**लैगिक समानता तथा सामाजिक समावेशीकरण (GESI):** विकासका श्रोत तथा लाभमा महिला तथा पुरुषको समान पहुँच र विकास प्रक्रियाका निर्णय तहमा समान अधिकार सुनिश्चित गर्न यस आयोजना प्रतिबद्ध छ। यस आयोजनाको नीति तथा कार्यक्रमले लैगिक समानता र सामाजिक समावेशीकरणलाई मूल प्रवाहीकरण गर्न सहयोग पुर्‍याउने छ साथै प्राकृतिक श्रोतको सहभागितामुलक व्यवस्थापनबाट प्राप्त हुने लाभलाई समतामूलक बाँडफाँडमा जोड दिइनेछ।

**वातावरण तथा सामाजिक सुरक्षाका एकीकृत नीति तथा प्रक्रियाहरु** : आयोजनाका क्रियाकलापहरु कार्यान्वयनको चरणमा पर्न सक्ने सम्भावित प्रतिकुल वातावरणीय र सामाजिक प्रभावहरुलाई न्यूनीकरण गर्न वातावरण तथा सामाजिक सुरक्षाका एकीकृत नीति तथा प्रक्रियाहरु अवलम्वन गरिनेछ।

## ङ. परियोजना कार्यान्वयन संयन्त्र :

एकीकृत भू-परिधि व्यवस्थापन आयोजनाको कार्यान्वयन वन तथा वातावरण मन्त्रालयले प्रदेश सरकार तथा स्थानीय तहको सहकार्यमा गर्दै आएको छ। वन तथा भू-संरक्षण विभाग, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, प्रदेशका वन तथा वातावरण हेर्ने मन्त्रालय, राष्ट्रिय निकुञ्ज कार्यालयहरु, डिभिजन वन कार्यालयहरु र आयोजना व्यवस्थापन इकाईले यस आयोजनाका लक्षित क्रियाकलापहरु सञ्चालन गर्ने गर्दछन् । आयोजनाको स्वीकृत दस्तावेज अनुसार यस आयोजना कार्यान्वयन गर्नका लागि आयोजना सल्लाहकार समिति (PAC), आयोजना कार्यान्वयन समिति (PEC), फिल्ड स्तरीय समन्वय समिति (FCC), आयोजना व्यवस्थापन इकाई (PMU) को व्यवस्था गरेको छ।

**परियोजना कार्यान्वयन संयन्त्र**




## आयोजना सल्लाहकार समिति

**अध्यक्ष:** सचिव, वन तथा वातावरण मन्त्रालय

**सदस्य सचिव:** प्रमुख, योजना अनुगमन तथा समन्वय महाशाखा, वन तथा वातावरण मन्त्रालय

**सदस्यहरु :**

१. महानिर्देशक, वन तथा भू-संरक्षण विभाग
२. महानिर्देशक, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
३. प्रमुख, जलवायु परिवर्तन व्यवस्थापन महाशाखा, वन तथा वातावरण मन्त्रालय
४. प्रमुख, वन तथा जलाधार संरक्षण महाशाखा, वन तथा वातावरण मन्त्रालय
५. प्रमुख, सहभागिता कार्यान्वयन महाशाखा, वन तथा वातावरण मन्त्रालय
६. प्रमुख, वातावरण तथा जैविक विविधता महाशाखा, वन तथा वातावरण मन्त्रालय
७. प्रमुख, रेड कार्यान्वयन केन्द्र
८. सहसचिव, अन्तर्राष्ट्रिय सहयोग समन्वय महाशाखा, अर्थ मन्त्रालय
९. सहसचिव, कृषि विकास मन्त्रालय
१०. सहसचिव, गृह मन्त्रालय
११. सहसचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
१२. प्रतिनिधि समाज कल्याण परिषद
१३. प्रदेश सचिव, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, मधेश प्रदेश
१४. प्रदेश सचिव, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, बागमती प्रदेश
१५. प्रदेश सचिव, वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय, गण्डकी प्रदेश
१६. प्रदेश सचिव, वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय, लुम्बिनी प्रदेश
१७. प्रदेश सचिव, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, कर्णाली प्रदेश
१८. प्रदेश सचिव, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, सुदुरपश्चिम प्रदेश
१९. प्रतिनिधि, आदिवासी जनजाति र स्थानीय समुदायहरु
२०. प्रतिनिधि, सामुदायिक वन उपभोक्ता महासंघ नेपाल
२१. राष्ट्रिय प्रतिनिधि, डब्लु डब्लु एफ नेपाल, (आमन्त्रित) ।

**कार्यहरु:**

१. रणनीतिक मार्गदर्शन र आयोजना सम्झौता सम्बन्धी समन्वय
२. सबै सरकारी तहहरु प्रभावकारी कार्यन्वयनका लागि सवलीकरण र सहजीकरण